# स्वामीकार्तिक खापर गाउँपालिकाको

## आ.व. २०८०/०८१ को

# बजेट तथा कार्यक्रम

स्वामीकार्तिक खापर गाउँपालिका
सुइजीउला वाई, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८० असार १० गते

# स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय,**

आज यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको १२ औं अधिवेशनमा उपस्थित भएका छौं । गाउँपालिकाको यस विशेष अवसरमा यहाँहरु सम्पूर्ण सदस्य ज्यू लगायत उपस्थित महानुभावलाई हार्दिक स्वागत गर्दछु । दोस्रो गाउँसभाको १२ औं अधिवेसन उपस्थित हुँदै गर्दा यस अवसरमा यो व्यवस्थाका लागि मुलुकमा भएका बिभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै नेपालको विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण नेताज्यूहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु ।

**अध्यक्ष महोदय**,

गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को बेजट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाले बनाएका ऐन, कानुन, कार्यविधि, निर्देशिका, विनियोजन ऐन २०७८ र गाउँपालिकाले लिएको दिगो विकासको लक्ष्यलाई आधार मानी त्यस अनुरुपको बजेट निर्माण गरेको छु । हाल विश्व राजनीतिक परिघटना र प्राकृतिक विपत्ति जस्ता चुनौती सँग जुध्दै आगामी आर्थिक बर्षमा अर्थतन्त्रलाई चलायमान गराउनु पर्ने र समग्र विकासलाई माथि उठाउने लक्ष्यका साथ बजेट तयार गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. २०८०/०८१ को बजेट यस सभामा प्रस्तुत गरिरहदा चालु आ.व. २०७९/०८० को यर्थाथ आर्थिक विवरण पेश गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक बर्षमा बिनियोजन वित्तीय समानीकरण पुंजीगत तर्फ, राजश्व बाँडफाँड, चालु शीर्षक तर्फ, सर्शत अनुदान रकम समेत गरेर जम्मा ४७ करोड ४ लाख ४९ हजार रकम मध्ये हाल सम्म रु.३१ करोड १९ लाख १५ हजार र ६६.३ प्रतिशत खर्च भएको र बाँकी सम्पुर्ण खर्चको विबरण असार मसान्त सम्म प्राप्त हुनेछ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४, बिभिन्न ऐन, नियामावली, कार्यविधि, निर्देशिकाले निंदिष्ट गरेका मापदण्डको परिधिमा रहेर यस गाउँपालिका भित्र बसोबास गर्ने आम नागरिकको कानुन बमोजिमको मौलिक हक अधिकार को संरक्षण हुने र उत्पादन वृद्धिमा प्रोत्साहान गरी आर्थिक जीवन स्तरमा सुधार ल्याउने उद्देश्य रहेको छ ।

- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकोले गाउँपालिकाका साना ठुला समग्र आर्थिक सुधार, गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी ,स्वस्थ संस्था सेवामुलक प्रशासनिक संयन्त्र, जवाफदेहीमुलक जनप्रतिनिधित्व सुशासन, समानता, समाबेशी, सहकारीता र सह अस्थित्वको आधारमा आफ्ना कार्यक्रमलाई बजेट मार्फत अगाडी बढाईने छ ।
- यस आ.व २०८०।०८१ लाई प्राकृतिक विपद तथा जोखिम न्यूनीकरण र महामारी रोकथाम, भौतिक पूर्वाधार विकास, आर्थिक विकास र सामाजिक विकासको गुणस्तरीय सुधारको बर्षका रुपमा लिएका छौ साथै प्राकृतिक विपद् तथा बिभिन्न कारणले क्षति भएका संरचनाको मर्मत सम्भार गर्नका लागि रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाले लिएको लक्ष्य अनुसार हाल ५ वटै वडामा सडक सञ्जाल पुगेको र सो सडकलाई स्तरोन्नति गरि बाह्रै महिना निर्वाध संचालन गर्ने गरी रकम विनियोजन गरेको छु ।
- विद्युत लाईन विस्तार र मर्मत गर्नकालागि रकम विनियोजन गरेको छु ।
- संघिय सरकार र प्रदेश सरकारले विनियोजन गरेको बजेटमा यस स्थानीय तहले समेत साझेदारी गर्नु पर्ने नीतिगत व्यवस्थाका कारण संघ र प्रदेश समपुरक बजेटमा स्वामीकार्तिक खापर गाउँपालिकाले समेत बजेट विनियोजन गर्नु पर्ने हुदा त्यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सबै वर्ग जाती, लिङ्ग, धर्म संस्कृति र आधारभूत मौलिक हक अधिकार लाई सुनिश्चित गरिने उद्देश्य लिएका छौं ।
- यस गाउँपालिकामा उत्पादन बढाउन स्याउ, ओखर लगायत फलफूलहरु उत्पादन तथा फलफूल रोपण गर्न आबश्यक बजेट विनियोजन गरेको छु ।
- उत्पादित स्याउ लगायतका फलफूल तथा तरकारीलाई बिक्रि वितरण गर्न ढुवानी अनुदानको व्यवस्था मिलाएको छु ।
- कृषि उत्पादनलाई वढावा दिन कृषक पेन्सन कार्यक्रम लागु गर्न आवश्यक बजेटको ब्यावस्था गरेको छु ।
- कृषि र भेटेनरीमा आधारित भएर उत्पादन व्यवसायमा लाग्ने युवा, महिला कृषक उद्यमीलाई आवश्यक सहयोग गरिनुका साथै निश्चित मापदण्ड बनाई उन्नत जातको स्याउ ओखर लगाएत अन्य फलफूलका बोटहरु ५० प्रतिशत सहुलियत दरमा कृषकलाई वितरण गरिने छ ।
- गाउँपालिका भित्र उत्पादन हुने रैथाने वालिको संरक्षण र उत्पादन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।
- दलित, युवा, बालवालिका, महिला, जेष्ठ नागरिक अपाङ्ग असाय र विपन्नवर्गका नागरिकलाई शसक्तिकरण र आत्मनिर्भर हुने कार्यक्रम लागु हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।
- धार्मिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार र गाउँपालिकामा लोभ हुदै गएका भाषा संस्कृति संरक्षण र चाडपर्व संचालनका लागि रकम विनियोजन गरेको छु ।
- विद्यालयलाई गुणस्तरीय प्रगति हाँसिल गर्नका लागि हरित विद्यालयमा आवश्यक रकम विनियोजन गरेको छु ।

- अस्थायी टिनका विद्यालयलाई विस्थापित गरी पक्कि भवनहरु निर्माण गरिने गरि नीति निर्माण गरिनेछ ।
- विद्यालयमा अध्यापन गराउने गाँउपालिका अनुदान शिक्षक, वालविकास सहजकर्ता र विद्यालय कर्मचारिलाई तलवमानमा केही रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र संचालति सामुदायिक माध्यमिक विद्यालयमा चौकिदारको व्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सामुदायिक वन, सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न विरुवा र आबश्यक रकमको व्यबस्था मिलाएको छु ।
- विपद व्यवस्थापन र जोखिम न्युनीकरणका लागि विपद कोष स्थापना भएको र सो कोषका लागि आबश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भरिका बेरोजगार युवालाई अध्यक्ष रोजगार कार्यक्रम मार्फत विकास निर्माण कार्यमा लगाई रोजगारी दिने व्यवस्था मिलाएको छु ।
- सरकारी, निजि र सहकारीको साझेदारीमा आधारित कृषी व्यवसाय संग साझेदारी गरिने छ ।
- सुत्केरी आमा र नवजात शिशुका नियमित स्वास्थ्य चेक जाँच गर्न गराउन आवश्यक रकम विनियोजन गरेको छु ।
- सुत्केरी आमा संग उपाध्यक्ष कोसेली कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गर्भवती आमाले नियमित स्वास्थ्य चेकजाँच गर्ने गरेमा दुई प्याकेट नुन पाउने ब्यावस्था गरेको छु ।
- खेलकुद क्षेत्रको विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सुशासन कायम गर्नका लागि गरिने बिभिन्न किसिमका कार्यक्रम गर्न रकम विनियोजन गरेको छु ।
- कर्मचारीहरुको उच्च मनोवल र सेवालाई थप प्रभावकारी वनाउन आवश्यक छ । हाल गाउँपालिकामा बजेटको कमिका कारण कर्मचारी ब्यवस्थापन र म्याद थप गर्ने कार्य कर्मचारीको कार्यसम्पादनका आधारमा गरिने छ ।
- करार कर्मचारीको तलवमानमा केही रकम विनियोजन गरेको छु ।
- बाढी, पहिरोले विग्रेका योजना र अधुरा योजना कार्यलाई सम्पन्न गर्नका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु ।
- विपद् जोखिममा परेका घर, बस्तिको पुनः स्थापनाका लागि साझेदारी रकमको व्यवस्थापन गरेको छ ।
- कार्यपालिक सदस्यहरुलाई स्माट डायरी तथा पालिका पहिचान बोकेको झोलाको ब्यवस्था गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिकामा नयाँ लागु हुने संघ संस्थाका लागि आवश्यक पर्ने रकममा साझेदारी गरिनेछ त्यसका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु ।
- सामाजिक संघ संस्था संगको साझेदारीका लागि आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।
- खेल क्षेत्रमा आवश्यक विकास अगाडि बढाउन एक वृहतर खेल मैदान निर्माण गरिनेछ ।
- पोषण कार्यक्रमका लागि आवश्यक साझेदारी बजेट विनियोजन गरेको छु

- मृतक परिवार संग अध्यक्ष सद्भाव कार्यक्रमकालाई यो बर्ष पनि निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छु ।
- खाने पानी नपुगेका बस्तिहरुमा पिउने पानी पुगाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- खाने तेल उत्पादन गर्न सुर्यमुखी, तोरी, भटमास र ढटेलो खेतिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु विमा लागु गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- दुग्ध जन्य प्रदार्थ उत्पादनका लागि आवश्यक रकम वनियियोजन गरेको छु ।
- सुत्केरी महिला र दुर्घटनामा परेकालाई निःशुल्क एम्वुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई घर घर मै गएर स्वास्थ्य परीक्षण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- गरिब तथा दलित छात्र छात्राहरुलाई उच्च शिक्षा अध्यायन गर्न छात्रवृति प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- धार्मिक पर्यटनका क्षेत्रमा पनि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पालिका भित्रका सडकहरुको स्तरोन्नति गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय नागरिकलाई भए गरेका कामहरुको जानकारी गर्नका लागि स्थानीय रेडीयो, पत्रपत्रीक, टेलिभिजन लगायतका संचार माध्यम मार्फत प्रचार प्रसारण गर्नका लागि संचार माध्याम सँग सहकार्य गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- यस गाँउपालिका अन्तरगत प्रर्ने मुक्तिकोट बासीको गरीवि कुपोषण र वेरोजगारी न्यूनीकरण गर्नका लागि अध्यक्ष रोजगार कार्यक्रम लागु गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाँउपालिकाको केन्द्र देखि वडा नं. ३ को भैरवथान सम्मको ११ कि..मी. सडक खण्ड र गाँउपालिकाको केन्द्र देखि वडा नं. ४ र ५ वडा कार्यलय सम्मको सडकलाई ग्राभेल गरी स्तरोन्नत्ति गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउपालिकाको केन्द्र देखि वडा नं. १ हुदै वडा नं. को २ माझगाँउ सम्मको सडक र भुकाहाँ देखि फयालगाँउ सम्मको सडकलाई ट्र्याक ओपन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- जन प्रतिनिधि र कर्मचारीको क्षमता र सिकाई अभिवृद्धि गर्नका लागि अध्ययन अवलोकन भ्रमणलाई परिणाममुखी वनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकामा संचालित अल्पकालिन र मध्यमकालिन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी दिगो विकासका योजना र कार्यक्रमलाई तीव्रताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता दिदै पुराना अधुरा योजनाहरुको पुर्णता, प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरण, व्यवसायिक कृषि

उत्पादनमा आधारित, स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रमा सुधार केन्द्रित हुने गरि बजेट विनियोजन गरेको छु । गाउँपालिकाको दिगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ

**अध्यक्ष महोदय,**

अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको आगामी आ.व. २०८०।०८१ को अनुमानित आय तथा व्ययको विवरण यस सभामा पेश गर्न अनुमति चाहान्छु ।

**आम्दानी तर्फ**

| क्र.सं. | बजेट स्रोत | अनुमानित रकम रु. | |
|---|---|---|---|
| १ | संघ वित्तीय समानिकरण | ८ करोड ७६ लाख | |
| २ | संघ सशर्त अनुदान (चालु, पुंजीगत) | १४ करोड ४७ लाख | |
| ३ | संघ राजश्व बाँडफाँड | ६ करोड ९७ लाख ६६ हजार | |
| ४ | संघ समपुरक अनुदान पुंजीगत | ५० लाख | |
| ५ | संघ विशेष अनुदान चालु | ५० लाख | |
| ६ | संघ विशेष अनुदान पुंजीगत | ५० लाख | |
| ७ | प्रदेश वित्तीय समानिकरण | ७२ लाख १५ हजार | |
| ८ | प्रदेशसशर्त अनुदान (चालु, पुंजीगत) | ६६ लाख ५० हजार | |
| ९ | प्रदेश राजश्व बाँडफाँड | ८ लाख ७० हजार | |
| १० | प्रदेशसमपुरक अनुदान पुंजीगत | १ करोड ४९ लाख ५० हजार | |
| ११ | प्रदेश विशेष अनुदान चालु | ५० लाख | |
| १२ | आन्तरिक श्रोत | २१ लाख ७० हजार | |
| १३ | अल्या रकम | १ करोड | |
| | जम्मा | ३६ करोड ३९ लाख २१ हजार | |

जम्मा आय रु ३६ करोड ३९ लाख २१ हजार रुपैयाँ अनुमान गरिएको मा सोही रकमको परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

**विनियोजन तर्फ**

यस गाउँपालिकामा संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड, वित्तीय समानिकरण अनुदान, संघीय सरकार सर्शत अनुदान, समपुरक र विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत समेतको सम्पूर्ण रकमलाई तपशिल शिर्षकमा बिनियोजन गरेको छु ।

**तपशिल**

**चालु तर्फ : २५ करोड ९६ लाख ७६ हजार**
**पुँजिगत तर्फ : १० करोड ४२ लाख ४५ हजार विनियोजन गरेको छु ।**

यस आ.व. २०८०।०८१ मा संन्चित कोषबाट जम्मा रु. ३६ करोड ३९ लाख २१ हजार रुपैयाँ प्रस्ताव गरेको छु । सञ्चित कोषमा हाल समावेश नभएको रकम संन्चित कोषमा रहने अनुमान गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म आ.व. २०८०।०८१ का लागि प्रस्ताव गरिएका कार्यक्रमहरुलाई विषयगत क्षेत्र उपक्षेत्रमा विनियोजन गरिएको बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

**अध्यक्ष महोदय,**

१. **कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ जम्मा रु. ८ करोड ९९ लाख २४ हजार १ सय** विनियोजन गरेको छु ।

२. **भौतिक पुर्वाधार विकास तर्फ जम्मा रु. ५ करोड ९४ लाख ३० हजार** विनियोजन गरेको छु ।

- यातायात पूर्वाधार रु. २ करोड ७६ लाख ५० हजार
- भवन, आवास तथा सहरी विकास रु. १ करोड ८६ लाख ८० हजार
- उर्जा रु. १८ लाख
- पुनर्निर्माण रु. ८९ लाख
- सम्पदा पुर्वाधार रु. २४ लाख

३. **आर्थिक विकास तर्फ जम्मा रु. ४ करोड ७ लाख ३५ हजार** विनियोजन गरेको छु ।

- कृषि रु. ९१ लाख ५० हजार
- पर्यटन रु.५ लाख
- उद्योग रु.१८ लाख
- जलस्रोत तथा सिँचाई रु.२ करोड ५ लाख ३५ हजार
- पशुपंछी विकास रु.४४ लाख
- वन रु.२ लाख
- भूमि व्यवस्था रु.४१ लाख ५० हजार

४. **सामाजिक विकास तर्फ रु. १५ करोड ४० लाख ६ हजार** विनियोजन गरेको छु ।

- शिक्षा रु.९ करोड ७९ लाख
- स्वास्थ्य रु.२ करोड ६८ लाख ५० हजार
- खानेपानी तथा सरसफाई रु.९८ लाख
- युवा तथा खेलकुद रु.५७ लाख ८० हजार
- सामाजकि सुरक्षा तथा संरक्षण रु.१ करोड २४ लाख ७६ हजार
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण रु. १२ लाख

**५. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ९८ लाख २६ हजार** विनियोजन गरेको छु ।

- प्रशासकीय सुशासन रु.३५ लाख
- कानुन तथा न्याय रु.३ लाख
- श्रम तथा रोजगारी रु.१ करोड ३२ लाख ७६ हजार
- तथ्यांक प्रणाली रु.७ लाख ५० हजार
- विपद व्यवस्थापन रु.२० लाख

**अध्यक्ष महोदय,**

आ.व. २०८०।०८१ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु र यस गाउँपालिकाको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रदेश सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।

योजनाहरु देहाय बमोजिम छन :

- गाउँपालिका भरिका सडकहरुलाई स्तरोन्नती गर्न चाहिन बजेट माग गर्ने ।
- माध्यमिक र आधारभुत विद्यालयका भवनहरु निर्माणका लागि माग गर्ने ।
- गाउँपालिकामा कवर्डहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने ।
- खानेपानी, सिँचाई, विद्यालय अन्य योजना निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकार माग गर्ने ।

**अन्त्यमा**

यो बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने बिभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

**प्रमाणित गर्ने**
**भरत बहादुर रोकाया**
**गाउँपालिका अध्यक्ष**
**२०७९।०३।१०**